स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

इलाम

Green Ilam

**पत्र संख्या: ०७७/७८**

**चलानी नः** १५३२

१ नं. प्रदेश,नेपाल

मितिः २०७७/०९/१३

**विषयः करार शिक्षक नियुक्तिका लागि पुनः विज्ञापन प्रकाशन गरिएको।**

प्रस्तुत विषयमा इलाम नगरपालिकास्थित तपसिलमा उल्लेखित विद्यालयहरुको तपसिलका तह र विषयका शिक्षक पदपूर्तिका लागि नियमानुसार विज्ञापन भई परीक्षा सञ्चालन पश्चात् सफल उमेद्वारहरुलाई सिफारिश गरी ७ दिनभित्रमा कार्यालयमा सम्पर्क राख्न सूचित गरीएकोमा तोकिएको समय भित्र सिफारिश बुझिलिन सम्बन्धित उमेद्वारहरु सम्पर्कमा नआएकोले शिक्षक/कर्मचारी छनौट नगर समितिको मिति २०७७/०९/१३ गतेको बैठकको निर्णयानुसार **करारमा** शिक्षक नियुक्तिको लागि पुनः यो विज्ञापन प्रकाशन गरिएको छ। तोकिएको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकले **मिति २०७७/०९/२१ गतेसम्म कार्यालय समय** भित्र फारम भरी यस कार्यालयमा पेश गर्नु हुन सूचित गरिन्छ।

**तपसिलः**

| क्र सं | विज्ञापन नं | विद्यालयको नाम | विषय | तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | १३/०७७/७८ | अमर मावि, बरवोटे | कम्प्युटर इञ्जिनियरिङ्ग | माध्यमिक तृतीय | प्रशिक्षक |
| २ | १४/०७७/७८ | विणापाणी मावि, इनपा ३ | विज्ञान | माध्यमिक | राहत अनुदान |

**आवश्यक न्यूनतम योग्यताः**

**१. कम्प्युटर इञ्जिनियरिङ्ग विषयको लागि**

क. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

ख. सम्बन्धित विषय (BE- Computer Engineering, BE- Information Technology, BE- Software Engineering, BE- Computer System Engineering) मा स्नातक पूरा गरेको

**२. विज्ञान विषयका लागि**

क. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

ख. सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

ग. अध्यापन अनुमति पत्र प्राप्त गरेको।

**आवश्यक कागजातहरुः**

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
२. आवश्यक शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि
३. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि
४. २ प्रति पासपोर्ट साइजको फोटो

**परीक्षाको किसिमः** लिखित, अन्तर्वार्ता र प्रयोगात्मक

परीक्षा सम्बन्धी कार्यक्रम पछि प्रकाशन गरिनेछ।

नोटः इच्छुक उमेद्वारले इलाम नगरपालिका राजश्व शाखाबाट रु ५० को फारम लिई भरेर आवश्यक कागजातहरुमा आफैले प्रमाणित गरी शिक्षा युवा तथा खेलकुद शाखामा तोकिएको समयभित्र बुझाउनु पर्नेछ।

**बोधार्थः**

श्री सूचना प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा प्रकाशन गरिदिनु हुन।